दर्ता नं. : ४६१/०६२/०६३, पान नं. : ३०४८१८६५५

बित्तिय सेवा प्रदान गर्ने, सामुदायिक महिला सहकारी

# झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लि.

JHUWANI SAMUDAYIK MAHILA SAVING AND CREDIT COOPERATIVE LTD.

# १८ औं बार्षिक साधारण सभा

## बार्षिक प्रगति प्रतिवेदन ०७९/०८०

मिति : २०८० मंसिर ९ र १० गते ।

स्थान :

हर्नरी सेवा केन्द्र, रत्नमान टेक वहादुर दिब्यज्योती सा.पु.को सभाहल
झुवानी सामुदायिक पुस्तकालयको सभाहल

मुख्य कार्यालय : रत्ननगर नगरपालिका वडा नं. ५, झुवानी, चितवन
बागमती प्रदेश, नेपाल, फोन नं. : ०५६-५८०५०५
सदस्य सेवा केन्द्र : र.न.पा-०४, शितलचोक, खै.न.पा-१३, हर्नरी

Website : jhuwanisahakari.com.np
E-Mail : jhuwanisahakari@gmail.com

दर्ता नं. : ४६१/०६२/०६३, पान नं. : ३०४८१८६५५

बित्तिय सेवा प्रदान गर्ने, सामुदायिक महिला सहकारी

# झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लि.

JHUWANI SAMUDAYIK MAHILA SAVING AND CREDIT COOPERATIVE LTD.

च.नं. : २३/०८०/०८१ मिति : २०८०/०७/२२

श्री.......................................................ज्यू,

............................................................ समूह नं. :..........

## बिषय : साधारण सभामा उपस्थित हुनेबारे ।

यस संस्थाको मिति २०८०/०६/१४ गते बसेको संञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १८ औं बार्षिक साधारण सभा तपशिल बमोजिमको मिति समय र स्थानहरुमा सञ्चालन हुने भएकोले यहाँको अनिवार्य उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल**

मिति : २०८० मंसिर ९ गते (हर्नरी सेवा केन्द्र, रत्नमान टेक बहादुर सामुदायिक पुस्तकालयको सभाहलमा

मिति : २०८० मंसिर १० गते (झुवानी सामुदायिक पुस्तकालयको सभाहलमा ।)

समय : बिहान १० बजे देखी ३ बजे सम्म ।

**प्रस्तावहरु :**

१. गणपुरक सदस्य सम्बन्धमा ।
२. आ.व. ०७९/०८० को लेखा परिक्षण प्रतिवेदनमा छलफल गरी स्विकृत गर्ने सम्बन्धमा ।
३. संञ्चालक समितिको तर्फबाट आर्थिक बर्ष २०७९/०८० को प्रगती प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. ०८०/०८१ को लेखा परिक्षक नियूक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. आ.व. ०८०/०८१ को अनुमानित बजेट तथा कार्य योजना सम्बन्धमा ।
६. आ.व. ०७९/०८० को कोष बितरण सम्बन्धमा ।
७. बिनियम संसोधन सम्बन्धमा ।
८. संस्थामा आवश्यक निति तथा कार्यविधि संसोधन तथा पुनरलेखान सम्बन्धमा ।
९. संस्थाको कार्यक्षेत्र बिस्तार सम्बन्धमा ।
१०. बिबिध ।

अध्यक्ष
सावित्री कुमारी पण्डित आचार्य

मुख्य कार्यालय : रत्ननगर नगरपालिका वडा नं. ५, झुवानी,चितवन
बागमती प्रदेश, नेपाल, फोन नं. : ०५६-५८०५०५
सदस्य सेवा केन्द्र : र.न.पा-०४, शितलचोक, खै.न.पा-१३, हर्नरी
Website : jhuwanisahakari.com.np
E-Mail : jhuwanisahakari@gmail.com

# झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लि.

रत्ननगर नगरपालिका वडा नं. ०५, झुवानी

## एक झलक

१. संस्थाको नाम : झुवानी सामुदायिक महिला बचत तथा ऋण सं. संस्था लि.
२. ठेगाना : रत्ननगगर नगरपालिका वडा नं. ०५, झुवानी
३. दर्ता नं. : ४६१/०६२/०६३ (मिति : २०६२/१०/०२)
४. पान नं. : ३०४८१८६५५
५. कार्यक्षेत्र : रत्ननगर न.पा. का वडा नं. ४,५,६ र ७
र खैरहनी न.पा. का वडा नं. ५,११,१२ र १३
६. शेयर सदस्य संख्या : २२७५ जना
७. बाल सदस्य संख्या : ८८८ जना
८. कुल शेयर रकम : ९८,०५,८००।- (असार मसान्त)
९. सञ्चालक समितिको निर्वाचन मिति : २०७७ मंसिर २६ गते ।
१०. कुल आय : १,७०,७७,९५९।७०
११.कूल खर्च : १,५१,५१,३३५।२०
१२. बचत : ७,४८,१३,५३३।०१
१३. जग्गा : ०-१-१०
१४. सञ्चालक समिति सदस्य : ११ जना
१५. लेखा समिति : ३ जना
१६. कर्मचारी संख्या : ८ जना
१७. चालु आ.व.सम्मको
ऋण लगानी : ९,४९,४२,०३४।-
ऋण असुली : ५,२९,२६,१३२।-
१८. चालु आ.व.मा असुल गर्नुपर्ने ऋण : १०,५६,३६,१७०।-
१९. चालु आ.व.को
खुद बचत सङ्कलन : १०,०५,८४,८०८।६९
बचत बाँकी : ७,४८,१३,५३३।०१
२०. अध्यक्ष : श्री सावित्री कुमारी पण्डित आचार्य, ९८०१४६५२१९
२१. व्यवस्थापक : श्री बबिता ढकाल ९८०१४६५२१२

# अध्यक्षको कलमबाट



- सावित्री कुमारी पण्डित आचार्य
अध्यक्ष

**झुवानी सामुदायिक महिला बचत तथा ऋण स. संस्था ली. रत्ननगर ५ चितवनको गरीमामय बार्षिक साधरणसभामा अमुल्य समय प्रदान गरी पाल्नुहुने यस सभाका प्रमुख अतिथिज्यूहरु, बिशिष्ट अतिथिज्यूहरु,लेखा सुपरीक्षण समितिका संयोजक एंब सदस्य माहानुभाबहरु, संस्थापक अध्यक्ष ,पूर्ब अध्यक्ष एंब सल्लाहाकार ज्यूहरु प्रति हार्दिक स्वागत तथा सहकारी नमन ।**

**झुवानी साकोस स्थापना गरी संस्थाको उदेश्य प्राप्तीका लागि संस्था सम्हालनुहुने संस्थापक अध्यक्ष संस्था स्वपनार्थ महत्वपूर्ण भुमिका प्रदान गर्नुहुने अग्रज ब्यक्तित्वहरु एंब सल्लाहाकारज्यूहरु तथा हालसम्म नेतृत्वदायि भुमिका प्रदान गर्नुहुने पूबअध्यक्षज्यूहरु,निबर्तमान अध्यक्षज्यूहरु, तथा निरन्तर सहयोग र संस्थाको साख बृद्धिमा लागि परीरहनुहुने सम्पुर्ण सुभचिन्तकज्यूहरुमा म यतिबेला उँहाप्रती उच्च सम्मान र आदार प्रकट गर्नुको साथै हार्दिक हार्दिक धन्यबाद टक्राउन चाहान्छु ।**

**आदरणीय शेयर सदस्यज्यूहरु**

**झुवानी साकोसको मुल्य, मान्यता,सिद्धान्त र भाबनालाई आत्मसाथ गर्दै समाजका परेका समस्यलाइ सहकारीको माध्यमद्धारा समाधान गर्ने सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक बिकासका लागि "एकका लागि सबै र सबैका लागी एक" भन्ने मर्मका साथ अगाडि बढिरहेको आर्थिक, सामाजिक र सास्कृतिक बिकास तथा बाताबरणिय संरक्षण का लागि समुदायमा आधारीत सदस्य केन्दित गरीबि निवारणमा सहयोग पु-र्याउने, सदस्यको माध्यमबाट समुदायलाई नै समृद्ध बनाउने उदेश्यका साथ स्थापित महिलाहरुद्धारा नै संचालित समुदायमा आधारीत महिला बचत तथा ऋण सहकारी संस्था भएको कुरा यँहाहरुलाई सर्बबिदितै छ ।**

**हाल संस्थाको कार्यक्षेत्र रत्ननगर नगरपलिकाको वडा नं. ४,५,६ र ७ र खैरहनी नगरपालिकाको वडा नं. ५,११,१२ र १३ रहेको छ भने संस्थाको सदस्य संख्या २२७५ रहेको छ । संस्था १८ औ बर्षमा प्रबेश गरेको अबस्थामा संस्थाको पहिचान जिल्ला स्तरदेखी केन्द्रीयस्तर तथा राष्टियस्तर नेप्स्कुनसम्म संस्थाले प्रतिनिधित्व गरी पहिचान बनाउन सफल भएको छ । संस्थाप्रति यहाँहरुको बिश्वास,चिन्तन,मनन्र,र सकरात्मक सोचको बिकासले गर्दा सफलात हासील गर्न सम्भब भएको हो ।**

संस्थाको बिनियम बिभिन्न नीति, नियमावली, नीति बिधि,प्रबिधि तथा कार्यबिधिको प्रयोग तथा छाता संघहरुको उचित मार्गदर्शनका आधारमा सदस्यहरुलाई सेवा प्रदान गर्न तल्लिन रहेको कुरा अबगत गराउन चाहान्छौ । आफ्ना सदस्यहरुको क्षमता अभिबृद्धी गरी सदस्य केन्द्रीत कार्यक्रम अगाडि बढाई उत्पादनमुखी कार्यमा समेत अग्रसर गराउने लक्ष्य लिइएको छ । दीगो बिकासका लक्ष्य हासील गर्नमा योगदान युवा तथा महिलाहरुलाई प्रोत्साहन हुने खालका कार्यक्रम अगाडि बढाउनुको साथ शेयरसदस्य बृद्धि गर्ने र पूर्ण तथा व्यवसायिक साकोस बिकास कार्यक्रमलाई निरन्तरता दिई उत्कृष्टता हासील गर्ने लक्ष्य लिएकाछौ । संस्थाको निति तथा कार्यक्रम बिस्तृत रुपमा सचिब र सह–सचिव को प्रतिबेदनमा प्रस्तुत रहने छ । यस बर्ष संस्थाको २ बर्षे रणनिती योजना बनाई त्यस अनुरुप कार्य गर्ने र संस्था अगाडि बढाउने लक्ष्य रहेको छ ।

अन्तमा संस्थाको हरेक बित्तिय, गैरबित्तीय उदेश्य निति तथा कार्यक्रम योजना कार्यन्वयन गर्न र गुणस्तरीय सेवा प्रदान गर्न हरबखत निरन्तर रुपमा सल्लाह,सुझाब र सहयोग गर्नुहुने संस्थापक अध्क्षज्यू, पूर्ब अध्यक्ष ज्यू, निबर्तमान अध्यक्ष एंब झुवानी सामुदायिक पुस्तकालयको निर्वतमान अध्यक्ष लगाएत सल्लाहाकार समितिमा रहेर संस्था संचतालनमा सहयोग गर्नुहुने ब्यक्तिहरु, शुभचिन्तक तथा संस्थाका महत्वपूर्ण आधार स्तम्भका रुपमा रहनु भएका सम्पूर्ण शेयर सदस्यहरु अग्रपंक्तीमा रहेर बिभिन्न चुनौती सामाना गर्दै गुणस्तरीय सेवामा खटिनु भएको कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दै धन्यबाद ज्ञापन गर्दछु ।

.............................................

सावित्री कुमारी पण्डित आचार्य

अध्यक्ष

# स्वागत मन्तव्य



- भगवती घिमिरे
उपाध्यक्ष

झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था ली. को १८ औ बार्षिक साधरण सभाको सभा अध्यक्ष ज्यु, प्रमुख अतिथि ज्यु, बिशिष्ट अतिथि ज्युहरु,व्यासमा आसिन अतिथि ज्यूहरु, संचालक समितिका साथिहरु, लेखा समितिका संयोजक लगायत सदस्य ज्युहरु, झुवानी सामुदायिक पुस्तकालय को अध्यक्ष एबं सम्पुर्ण पुस्तकालय परीवार तथा समस्त शेयर सदस्य, आमा तथा दिदि बहिनिहरु साथिहरु साथै पत्रकार मित्रहरुमा स्वागत टक्रलाउन चाहान्छु । स्विकार गर्नुहोस् ।

सर्बप्रथम यस संस्थाको गरीमामय १८ औ बार्षिक साधरण सभामा आफ्नो अमुल्य समयको बाबजुत पनि यस साधरणसभा सफल पारी दिनको लागि आउनुभएको सम्पुर्ण शेयर सदस्य ज्यूहरुलाई मसंस्थाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यबाद टक्राउन चाहान्छु ।

उपस्थीत सम्पूर्ण माहानुभाबहरु कुनैपनि संस्थाको बार्षिक साधरणसभा भनेको संस्थाले एक बर्षमा के कति काम गर्यौं ? कति काम गर्न बाँकी छ ? आगामि दिनमा केति काम गर्ने हो? कति समय लागछ ? कति आम्दानी, खर्च कति नाफा नोक्सान भयो? आगामी बर्षमा के कति आम्दानी र खर्च हुने हो र कति नाफा नोक्सान हुन्छ ? गत बर्षको यथार्थ स्थिती पहिचान गरी त्यसलाई पारीत गर्ने र आगामी बर्षमा गर्ने भाबी योजना, कार्यक्रम तथा बजेट तपाई हामीहरु आफै बसी सरसल्लाह गरेर तयार गर्ने दिन हो ।

सदस्यमाहानुभाबहरु यहाँहरुलाई साधरण सभामा पाल्नु भएकोमा हृदय देखिनै स्वागत गर्दै संचालक समितिको तर्फबाट प्रस्तुत हुने गतबर्षको लेखापरीक्षण प्रतिबेदन, गत बर्षको बार्षिक प्रगति प्रतिबेदन तथा आगामी बर्षको भाबी योजना,कार्यक्रम तथा बजेट सम्बन्धमा यहाँहरुको गहिरो चिन्तन तथा मनन् गरी ठोस निर्णय गर्नुहुनेछ भन्ने कुरामा बिस्वस्त रहेको छु ।

सदस्यमाहानुभाबहरु यस सस्थाले आफ्नो १७ बर्ष पूरा गरी सकेको छ र संस्थाले बिभिन्न किसिमका आरोहहरु पार गर्दै आजको दिनमा करोडौको कारोबार गर्न सक्षम भई आफ्ना सदस्यहरुलाई बिभिन्न बित्तिय तथा गैर बित्तिय सेवाहरु उपलब्ध गराउन सफल भएको कुरा यहाहरुलाई जानकारी भएको कुरा सर्बबिदितै छ । आगामी दिनमा समेत संस्थालाई अझ बढि प्रभाबकारी बनाई सदस्यहरुको हितको लागि कसरी कार्यक्रम संचालन गर्ने हो ? आफ्नो बिचार ब्यक्त गरी साधरणसभाले ठोस निर्णय गर्ने बिस्वास लिएको छु ।

अन्त्यमा पुन: आफ्नो अमुल्य समयको बाबजुत पनि यो साधरणसभा सफल पारीदिनुहुन साधरणसभामा आफ्नो सक्रियता देखाउनु भएकोमा यँहाहरुलाई मूरी मूरी धन्यबाद दिँदै हार्दिक स्वागत गर्दछु ।

स्वागतम् स्वागतम् स्वागतम्



भगवति घिमिरे

# सचिवको प्रतिवेदन

(आ.व. २०७९/०८०)



- अर्चना दुवाडी रिमाल
सचिव

**झुवानी सामुदायिक महिला सहकारी संस्था लि. को १८ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत सचिवको आ.व. २०७९/८० को प्रगति विवरण तथा २०८०/८१ को भावी कार्य योजनाहरू :-**

झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लि.को १८ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, अतिथिज्यूहरु, संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, निवर्तमान अध्यक्ष एवम् सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यज्यूहरु, लेखा सुपरीवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरु, विभिन्न उप समितिका संयोजक एवं सदस्यज्यूहरु, सम्मानित शेयर सदस्यज्यूहरु, संस्थामा कार्यरत कर्मचारीज्यूहरु, पत्रकारज्यूहरु लगायत उपस्थित सम्पूर्णमा, संस्थाको सचिवको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

*आदरणीय शेयर सदस्यज्यूहरु,*

संस्थाले आजको समयसम्म धेरै चुनौति तथा अबसर पार गर्दै १८ औ बार्षिक साधरणसभा मनाउदै गर्दा गौरवान्दित महसुस गरिरहेको छौँ । संस्थालाई सुरक्षित एबं गुणस्तर बिकासका लागि आफ्ना शेयर सदस्यज्यूहरुलाई उत्कृष्ट सेवा प्रदान गर्न केन्द्रिय छाता संघ नेप्स्कून बाट संचालीत नेपाल स्तरीय गुणस्तरीय सुनिस्चितताको क्व्स कार्यक्रममा सहभागि भई संस्था अगाडि बढ्दै सन्तोषजनक उपलब्धि हासील गर्दै आईरहेका छौँ ।

सदस्यहरुलाई आर्थिक र सामाजिक समृद्धिलाई आत्मसाथ गरी नीति,बिधि र प्रबिधिलाई जोड संचालक समितिबाट भएका छलफल र निर्णय आ.ब. ७९।८० को बार्षिक प्रगति प्रतिबेदन तथा आर्थिक बर्ष २०८०।८१ को लागि प्रस्ताबित निति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु ।

क) आबद्धता तथा प्रतिनिधित्व

यस संस्थाको संस्थागत कार्य्रक्रम संचालन गर्न बिभिन्न उपल्लो निकायहरु संग आद्धता रहेको छ । जिल्ला बचत तथा ऋण सहकारी संघ, चितवन जिल्ला सहकारी संघ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेप्स्कुन),र राष्ट्रिय सहकारी बैंक आबद्धता रहेको छ । यस संस्थाको अध्यक्ष श्री साबित्री कुमारी पण्डित आचार्य लाई सम्पूर्ण संघ तथा बैंकको साधरणसभामा प्रतिनिधिको रुपमा पठाईएको ब्यहोरा जानकारी गराईन्छ ।

## १. दायित्व वृद्धि :

### १.१ शेयर सदस्यता वृद्धि :

आर्थिक वर्ष २०७८/०७९को अन्त्यमा संस्थामा १८८१ शेयर सदस्य रहेकोमा २०७९/०८० को असार मसान्तसम्म आइपुग्दा यो संख्या बढेर २२७५ कायम रहन आएको छ । गत वर्षको तुलनामा ३९४ जना नयाँ सदस्य थप भएको छ । यसै आ.व. २०८०/०८१ को अन्त्य सम्ममा शेयर सदस्य २५०० पुर्याउने लक्ष्य लिएको छ । सो लक्ष्य प्राप्तिको लागि देहाएका कार्यहरु गरिनेछ ।

क) घरदैलो कार्यक्रम सञ्चालन

ख) सञ्चालक, लेखा, एवं विभिन्न उप समितिहरुले वर्षमा कम्तीमा १५/१५ जनाको दरले

सदस्य थप गर्ने ।

ग) सदस्यका दु:ख पीडामा संस्थाका आधिकारिक व्यक्ति उपस्थित भई सहानुभुति प्रदान गर्ने

घ) शेयर सदस्य धैरै बनाउने उत्प्रेरकलाई साधारण सभामा पुरस्कृत गर्ने

ङ) गैर शेयर सदस्यहरुलाई समेत सहकारी शिक्षा प्रदान गरी सदस्य बन्न उत्प्रेरित गर्ने

च) संस्थाबाट स्वास्थ्य शिविर सञ्चालन गर्ने

छ) शेयर सदस्य हित अनुकुलको कार्य गर्दै सदस्य राजीनामालाई निरुत्साहित गर्दै जाने

ज) शेयर सदस्य केन्द्रित विभिन्न सामाजिक कार्यक्रमहरु सञ्चालन गर्ने

### १.२. शेयर पुँजी

संस्थाको शेयर पुँजी आ.व. २०७८/०७९ मा ८९,१६,६००।- रहेकोमा आ.व. २०७९/०८० को अन्त्यमा शेयर पुँजी, ९८,०५,८००।- पुऱ्याएको छ । यस अवस्थालाई आ.व. २०८०/०८१ को अन्त्य सम्ममा १,०५,८३,७००।- पुऱ्याउने लक्ष्य निर्धारण गरी कार्य प्रारम्भ गरिएको छ । उक्त लक्ष पुरा गर्न देहाएका क्रियाकलाप सञ्चालन गरिनेछ ।

क) रु. ५,०००।- शेयर रकम नपुगेका शेयर सदस्यहरुबाट प्राप्त हुने थप शेयर रकम ।

ख) नयाँ थप हुने सदस्यबाट प्राप्त हुने रकम ।

ग) संस्थाबाट ऋण लागनी गर्दाका बखत कार्यविधि अनुरुप थप गर्नुपर्ने शेयर रकम ।

### १.३ संस्थागत पुँजी कोष वृद्धि :

संस्थागत पुँजी आ.व. २०७९/०८० मा २५,००,०००।- पुऱ्याउने लक्ष्य राखिएकोमा वर्षको अन्त्यमा २५,१०,९७०।६९ पुगेकोमा आगामी आ.व. २०८०/०८१ को अन्त्यमा ३०,००,०००।०० पुऱ्याउने लक्ष्य लिइएको छ । जसको लागि देहायका क्रियाकलापहरु गरिनेछ ।

क) आ.व. २०७९/८० को खुद बचतको २५% बाट प्रप्त हुने रकम ।

ख) खर्च नभएको कोषको रकम स्थान्तरण गरी प्राप्त हुने रकम ।

ग) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

### १.४ बचत संकलन वृद्धि :

आर्थिक वर्ष २०७८/०७९को अन्त्यमा ६,०४,५१,५९९।९४ रहेकोमा आ.व. २०७९/०८० को अन्त्यमा ७,४८,१३,५३३।०१ पुग्न गएको छ भने आ.व. २०८०/८१ को असार मसान्तसम्म ११,५२,००,०००।- पुऱ्याउने लक्ष्यका साथ निम्न क्रियाकलापहरु सञ्चालनमा ल्याइने छ ।

क) सदस्य थप हुँदा प्राप्त हुने रकम

ख) दैनिक बचतबाट प्राप्त हुने रकम

ग) बाल तथा ऐच्छिक बचतबाट प्राप्त हुने रकम

घ) शेयरको अनुपातमा बचत कायम गर्दा प्राप्त हुने रकम

ङ) आवधिक र अन्य बचत खाताबाट प्राप्त हुने रकम

च) शेयर थप गर्दा प्राप्त हुने रकम

### १.५ जगेडा कोष

आर्थिक वर्ष २०७८/०७९को अन्त्यमा यस कोषमा २०,५३,३९७।६९ रहेकोमा आ.व. २०७९/०८० को अन्त्यमा २५,१०,९७०।६४ पुग्न गएको छ र आ.व. २०८०/०८१ को अन्त्य सम्ममा ३०,००,०००।०० पुऱ्याउने लक्ष्यका राखिएको छ ।

**१.६ अन्य कोष** :

आ.व. २०७८/०७९ मा छुट्याइएको शेयर लाभांश कोष र संरक्षित पुँजी फिर्ता कोषको रकम फिर्ता गरिएकोमा आर्थिक वर्ष २०७९/०८० मा मुनाफा बाट विभिन्न कोषहरुमा नाफा बाडफाँड गरी १६,४८,४६४।६४ रकम अन्य कोषमा मौजदात रहेको छ । आगामी वर्षहरुमा यो कोष वृद्धि गरिदै लगिने छ ।

**१.७ भुक्तानी दिनुपर्ने** :

आ.व. २०७९/०८० को अन्त्यमा घरभाडा कर ८३२८।-, बचतमा व्याजकर ६८,०८९।-, सामाजिक सुरक्षा कर ७३४।-, ले.प.कर ७५०।-, शेयर लाभासं कर १५,८७०।-, ले.प. शुल्क ५५,७५०।-, आयकर ९६,३३१।-, साधारण सभा भत्ता आयकर (टि.डि.एस्) २,२०,११३।- रहेको छ ।

**२. सम्पत्ति** :

**क) नगद तथा बैंक मौज्दात** :

संस्थाले तरलता व्यवस्थापन गर्दै आइरहेको छ । आ.व. २०७९/०८० को अन्त्य सम्ममा नगद मौज्दात ५,२२,५८६।- रहेको छ भने विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको खातामा १,२७,९४,७७९।४६ रकम रहेको छ । यसको बिस्तृत विवरण लेखा प्रतिवेदनमा उल्लेख छ ।

**ख) लगानी हिसाब** :

आ.व. २०७८/०७९ मा संस्थाबाट गरिएको ऋण लगानी ९,३६,२०,२६८।- रहेकोमा आ.व. २०७९/०८० को अन्त्यमा १०,५६,३६,१७०।- लगानीमा रहेको छ भने आ.व. २०७९/०८० को असार मासन्त सम्म लागनीमा रहेको जम्मा रकम १०,५६,३६,१७०।- रहेको छ । संस्थाले आ.व. २०८०/०८१ को अन्त्यसम्म ऋण लगानी १५,००,००,०००।- पुऱ्याउने लक्ष्य लिएको छ । यस संस्थाले आ.व. २०७९/०८० को अन्त्य सम्ममा निम्न संस्थामा तपसिल बमोजिमको रु. २०,५७,१४८।५० पैसा लागनी गरेको छ ।

१) जिल्ला सहकारी संघ (बचत खाता) : ३६,१३५।७९
२) जिल्ला सहकारी संघ (बोनश खाता) : १०,६७६।२५
३) जिल्ला सहकारी संघ (शेयर पेट्रोल पम्म) : १,१०,०००।००
४) जिल्ला चितवन सहकारी संघ (शेयर) : ८०,०००।-
५) जिल्ला चितवन सहकारी संघ (बचत) : १,७५,४३१।३८
६) जिल्ला चितवन सहकारी संघ (शेयर लाभासं) : २९,४१४।०३
७) राष्ट्रिय सहकारी बैंक : शेयर १०,०००।-
८) राष्ट्रिय सहकारी बैंक शेयर लाभासं खाता : २,२११।९१
९) नेफस्कून शेयर : ११,०८,६००।००
१०) नेफस्कून बचत : ९६,३२७।४८
११) नेफस्कून शेयर लाभासं : ३,९८,३५१।६६

**ग) ऋण असुली** :

यस संस्थाबाट लगानी गरिएको ऋण मध्ये आ.व. २०७९/०८० को अन्त्यमा ५,२९,२६,१३२।- रहेको छ । आ.व. २०८०/०८१ मा ऋण लगानीको अनुपातमा वृद्धि गरी ७,३४,५८,२८६।- असुली गर्ने लक्ष्य लिएको छ । आ.व. २०८०/०८१ को अन्त्य सम्ममा भाखा नाघेको १,१५,३५२।- ऋणलाई पूर्णरुपमा असुली गर्ने लक्ष्य लिएको छ । सुरक्षित ऋण लागनी र असुलीका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ ।

- ऋण लगानी तथा असुलीको लागि शेयर सदस्यहरुलाई परामर्श सेवा प्रदान गरिने छ ।

- धितो तथा बचत जमानत ऋण लागनीलाई प्राथमिकता दिइने छ ।
- सामुहिक जमानत ऋण लागनीलाई विशेष सजगता अपनाइने छ ।
- भाखा नाघेको ऋण रकम असुलीलाई विशेष ध्यान दिइने छ असुलीका विभिन्न प्रक्रियाहरु ऋण नीति अनुरुप अबलम्बन गरिने छ ।
- ऋणी सदस्यहरुलाई समयमा नै किस्ता तथा व्याज भुक्तानीको सूचना गरिने छ । भाखा नाघेको अवस्थामा

  क) पहिलो किस्ताको भाका नाघेमा : किस्ता रकमको १ प्रतिशत

  ख) दोस्रो किस्ताको भाका नाघेमा : पहिलोको २ प्रतिशत तथा दोस्रो किस्ताको १ प्रतिशत

  ग) तेस्रो किस्ताको भाका नाघेमा : पहिलोको ३, दोस्रो २ प्रतिशत, तेस्रो किस्ताको १ प्रतिशत

  घ) चौथो किस्ता वा सो भन्दा माथिकोमा : पुरै किस्ताको ३ प्रतिशत
- सञ्चालक समितिको प्रत्येक बैठक ऋण लागनी तथा असुलीतर्फ समीक्षा गरिनेछ ।
- असल कारोबार गर्ने ऋणी सदस्यलाई संस्थाको नीति बमोजिम सम्मान गरिनेछ ।

**घ) पाउनु पर्ने हिसाब :**

यस संस्थाले आ.व. २०७९/०८० को मसान्तमा व्याज मुल्तवी, धरौटी रकम, सहकारी पोसाक (साडी) र अग्रीम बैंक दाखिला व्याज कर कट्टी वापत २०,५८,४२६।३३ पाउनु पर्ने रहेको छ ।

**ङ) तरलता व्यवस्थापन :**

संस्थाको कुल सम्पत्ति र कुल निक्षेपको आधारमा तरलता व्यवस्थापन उच्च प्राथमिकताको विषय हो । संस्थाको व्यवसायिक रणनीति अनुसार १५% तरलता रहने व्यवस्था भए अनुसार नै कार्य सम्पादन गरिरहेका छौं । तरलता व्यवस्थापन गरी संस्थालाई धरासायी हुनबाट जोगाउन देहायका नीति अबलम्बन गरिने छ ।

क) आवश्यकता भन्दा बढी रकम तरलता हुने अवस्था आएमा सुरक्षित र बढी व्याज आर्जन हुने बैंक तथा बित्तीय संस्थामा राख्ने प्रबन्ध मिलाउने

ख) सदस्यहरुबाट माग भई आएको ऋण सुरक्षित र समयमै असुल हुने सुनिश्चित गरी लगानी गरिने ।

ग) तरलता कम हुन नदिन ठूलो ऋण लागनीलाई निरुत्साहित गरिने छ ।

घ) नियमित बचत नगर्ने सदस्यलाई ताकेता गरी नियमित गराइने ।

ङ) संस्थामा तरलता कम हुन आएमा बाह्य ऋण लिई व्यवस्थापन गरिने ।

**८. स्थिर सम्पत्ति :**

यस संस्थाले आ.व. २०७८/०७९ मा १४,५६,४६७।५७ रहेको थियो भने यस आ.व.मा ह्रास कट्टी गरी १६,५५,३६३।५७ रहेको छ ।

**९. आम्दानी तर्फ :**

आ.व. २०७८/०७९ मा १,३३,३९,३३१।९४ रहेको मा आ.व. २०७९/०८० मा ऋण लागनीबाट १,६१,९८,१२४।-, बैंकबाट प्राप्त ४,९३,३८०।९१ तथा अन्य विभिन्न शीर्षकबाट आम्दानी ३,८६,४५४।८९ गरी १,७०,७७,९५९।७० आम्दानी भएको छ ।

**१०. खर्चतर्फ :**

आ.व. २०७८/०७९ मा सदस्यहरुको बचतमा व्याज ४३,४८,४२२।-, बाह्य ऋणको व्याज खर्च ३८,४६,२६९।८९ कर्मचारी तलब, कार्यालय सञ्चालन ५९,११,९२१।०९ बैठक तथा अन्य खर्च २३,१३,३८२।०९ रहेकोमा आ.व. २०७९/०८० सदस्यहरुको बचतमा व्याज र बाह्य ऋणको व्याज खर्च १,०४,७८,४११।२०, कर्मचारी तलब, कार्यालय सञ्चालन र ह्रास कट्टी गरी ४५,१३,५४६।- बैठक तथा

अन्य खर्च १,५९,३७८।७० रहेको छ ।

**११. मुनाफा तथा बचत :**

आ.व. २०७८/७९ मा संस्थाले १०,१६,३९१।९६ खुद नफा गरेकोमा आ.व. २०७९/०८० मा १९,२६,६२३। खुद नाफा गरेको छ । जसको विवरण लेखा परीक्षणमा उल्लेख गरिएको छ ।

**संस्थको सुशासन तर्फका कार्यहरुः**

**१) सञ्चालक समितिको बैठक**

| क्र.स. | पद | नाम | कुल बैठक | उपस्थिति |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री सावित्री कुमारी पण्डित आचार्य | २८ | २७ |
| २ | उपाध्यक्ष | श्री भगवती घिमिरे | २८ | २५ |
| ३ | सचिव | श्री अर्चना दुवाडी रिमाल | २८ | २५ |
| ४ | कोषाध्यक्ष | श्री शारदा महतो | २८ | २२ |
| ५ | सह-सचिव | श्री जमुना सापकोटा आचार्य | २८ | २४ |
| ६ | सदस्य | श्री बमिया महतो | २८ | २२ |
| ७ | सदस्य | श्री निक्की चौधरी | २८ | २२ |
| ८ | सदस्य | श्री सिता न्यौपाने तिमलसेना | २८ | १९ |
| ९ | सदस्य | श्री उर्मिला रिमाल | २८ | २१ |
| १० | सदस्य | श्री इन्दिरा नेपाल | २८ | २० |
| ११ | सदस्य | श्री रमा अर्याल सापकोटा | २८ | २४ |

**२. लेखा सुपरिवेक्षण समिति :**

| क्र.स. | पद | नाम | कुल बैठक | उपस्थिति |
|---|---|---|---|---|
| १ | संयोजक | श्री जयन्ति रिजाल | १२ | १२ |
| २ | सदस्य | श्री हिरा कुमारी अर्याल अधिकारी | १२ | ११ |
| ३ | सदस्य | श्री बिना चौधरी | १२ | १२ |

**३) मैले यहाँहरु माझ तपाईहरुले निर्वाचित गराई पठाउनुभएको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको बैठक उपस्थितिको बारेमा जानकारी गराईसकँ । अब म गत १७ औं साधारणसभा देखी हालसम्म संस्थाले गरेका केही महत्वपुर्ण निर्णयहरु माइन्युटमा लिपिवद्ध भए अनुसार सारांशमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. एकिकरण १ सहकारी । (हर्नरी सामुदायिक सहकारी)

२. एकिकरण निति २०८०

३. रक्तदान कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णय,

४. विभिन्न उप-समिति गठन,

५. एक दिवसीय दुई वर्षिय रणनीतिक योजना निर्माण सम्बन्धी कार्यशाला सञ्चालन सम्बन्धी,
६. ऋण लगानीको सीमा र व्याजदर हेरफेर गर्ने सम्बन्धी निर्णय,
७. संस्थाको कोठा भाडा सम्झौता सम्बन्धी,
८. सेवा शुल्क हरेफेर गर्ने सम्बन्धी,
९. संस्थाको लागि उपकरण खरिद सम्बन्धी निर्णय, (कम्प्यूटर, इन्भटर, सि.सि क्यामरा, स्क्यानर, पिन्टर)
१०. विलम्ब शुल्क निर्धारण सम्बन्धी,
११. शेयर सदस्य सहकारी अवलोकन भ्रमण सम्बन्धी,
१२. संस्थाको वार्षिक उत्सव मनाउने सम्बन्धी निर्णय,
१३. जिल्ला सहकारी संघद्वारा आयोजित गोष्ठीमा सहभागिता जनाउने सम्बन्धी निर्णय,
१४. कार्यालय व्यवस्थापन गर्ने सम्बन्धी निर्णय,
१५. कार्यालयमा प्रोजेक्टर खरिद गर्ने सम्बन्धी निर्णय,
१६. संस्थाको चिनारी झुल्कने सामग्री निर्माण गर्ने सम्बन्धी निर्णय,
१७. लेखापरीक्षक नियुक्ति र निजको पारीश्रमिक तोक्ने सम्बन्धी निर्णय,
१८. कर्मचरी नियुक्ती, राजिनामा र पारिश्रमिक सेवाशुल्क सम्बन्धी निर्णय,
१९. सामुहिक जमानत ऋण लगानी गर्दा थप सजगता अपनाउने सम्बन्धी,
२०. विभिन्न कार्यविधि परिमार्जन तथा निर्माण सम्बन्धी निर्णय,
२१. सल्लाहकार संगको संयुक्त बैठकमा बसी संस्थाको कार्य सम्पादन प्रति समिक्षा सहित छलफल सम्बन्धी निर्णय,
२२. संस्थाको व्यापारमा सयपत्री फूल लगाउने र बिक्रि बितरण गर्ने उप समिति गठन,
२३. विभिन्न समयमा लेखा तथा सुपरीवेक्षण समिति एवम् व्यापार उप-समितिले दिएका राय, सल्लाह र सुझावलाई कार्यान्वयन गर्दै जाने सम्बन्धी निर्णय ,
२४. प्रत्येक बैठकबाट ऋण लागनीलाई अनुमोदन गर्ने सम्बन्धी निर्णय,
२५. CRUBBS कार्यक्रम नविकरण सम्बन्धी निणर्य
२६. शेयर सदस्यको श्रीमान्को मृत्यु भएमा श्रृद्धान्जलीमा उपस्थिती जनाइनेछ सम्बन्धि निर्णय ।
२७. बाह्य ऋण सम्बन्धि निर्णय ।

### ४) सहकारी शिक्षा

शेयर सदस्यहरुलाई संस्थाप्रति दायित्व वोध एव् सहकारीको महत्व, अवस्था र सदस्यले पालना गर्नु पर्ने आचरणहरुका बारेमा जानकारी गराउन विभिन्न समयमा क्रमशः सदस्यहरुलाई सहकारी शिक्षा अभिमुखीकरण तालिम दिंदै लगिने छ ।

### ५) वार्षिक साधारण सभा

आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र संस्थाको वार्षिक साधारण सभा गरिने छ । साधारण सभा सञ्चालन कार्यविविधमा व्यवस्था भए बमोजिम शेयर सदस्य क्षेत्रगत रुपमा भेला आयोजना गरी संस्थाको प्रतिवेदन उपर छलफल गराई सम्पन्न गरिनेछ ।

### ६) स्थापना दिवस तथा वार्षिकोत्सव

संस्थाको स्थापना दिवस प्रत्येक वर्षको माघ २ गते संस्था दर्ता भएको दिन विविध सम्मान तथा पुरस्कृत कार्यक्रम आयोजना गरी सम्पन्न गरिदै आएको छ ।

### ७) उप समितिका बैठकहरू

संस्थाको विनियममा उल्लेख भए अनुसार उप समितिहरु गठन गरिएको छ । कार्य सम्पादनमा सक्रिय बनाई संस्थाको कार्य सम्पादनमा सहजता ल्याइने छ र संस्थाप्रति सबैको अपनत्व वृद्धि हुँदै जाने छ । उप-समितिबाट आएका महत्वपूर्ण सुझावहरुलाई संस्थाको हितमा कार्यान्वयन गर्दै लगिने छ ।

**८) वार्षिक लेखा परीक्षण** :

साधारण सभाबाट तिन जना वैकल्पिक रहने गरी रजिष्ट्ररको लेखा परीक्षकको नियुक्तिको लागि प्रस्तावित गरिने छ । आर्थिक वर्ष समाप्त हुनु अगावै साधारण सभाले तोके बमोजिमको पारिश्रमिक दिने गरी एकजना लेखापरीक्षक छनौट गरी नियुक्ति दिइने छ । आर्थिक वर्ष समाप्त भएको मितिले ४५ दिनभित्र अन्तिम लेखा परीक्षण गरिनेछ ।

**९) सम्मान तथा पुरस्कार**:

यस संस्थाको नीति अनुरुप विभिन्न विधामा सम्मान तथा पुरस्कार वितरण गरिदै आएकोमा आगामी वर्ष पनि यसलाई निरन्तरता दिइने छ । संस्थाको साधारण सभा तथा वार्षिक उत्सवको अवसर मा देहायको विधामा सम्मान कार्य गरिनेछ ।

क) एस् ई ई उत्तिण बाल सदस्यलाई सम्मान तथा पुरस्कार ।
ख) शेयर सदस्यका छोराछोरी मध्ये सामुदायिक र संस्थागत विद्यालयबाट +२ मा सर्वोत्कृष्ट GPA प्राप्त गर्ने १/१ जना छात्रा/छात्र
ग) उत्कृष्ट ऋणी
घ) उत्कृष्ट बचतकर्ता
ङ) उत्कृष्ट बाल बचतकर्ता्
च) सर्वाधिक शेयर खरिद र बचत गर्ने सदस्य
छ) जेष्ठ शेयर सदस्य वा एकाघरका जेष्ठ सदस्य

**१०) अवलोकन भ्रमण**:

संस्थाका शेयर सदस्यहरुलाई समान उद्देश्यका सहकारीको अध्ययन अबलोकन भ्रमणको व्यवस्था गरिदै आएको छ । जसबाट अन्य संस्थाले गरेका असल अभ्यासहरुको पहिचान गरी सोही अनुसार आफूहरुलाई मिल्ने खालका अभ्यास गर्न शेयर सदस्यहरुलाई प्रेरित गर्ने मनासायबाट संस्थाको नीति बमोजिम प्रत्येक वर्ष नयाँ स्थानको पहिचान गरी अवलोकन भ्रमण गराउने व्यवस्था गरिएकोमा आगामी वर्ष पनि यसलाई निरन्तरता दिइने छ ।

**११) सदस्य राहत वितरण**

संस्थाका शेयर सदस्यको मृत्यु भएमा निजको काजक्रिया गर्न सहज होस् भन्ने अभिप्रायले दिँदै आएको रकम रु ५,०००।०० निजहरुले पूर्ववत इच्छाएको व्यक्ति वा एकाघर परिवारका सदस्यलाई उक्त रकम हस्तान्तरण गरिने छ । साथै शेयर सदस्यको श्रीमान्को मृत्यु भएका शोकाकूल परिवारहरुलाई साहानुभूत्ती प्रदान गर्न श्रृद्धान्जलीमा उपस्थिति भईरहेकोमा त्यसलाई निरन्तरता दिईनेछ।

**१२. नव दुलही तथा मातृ शिशु प्रोत्साहन कार्यक्रम** :

यस कार्यक्रम अन्तर्गत एकाघर परिवारको नव विवाहित दुलहीलाई संस्थामा आवद्ध गराउन शेयर सदस्य बने वापत उपहार र निशुल्क खाता संञ्चालन गरिनेछ र नवजात शिशु तथा आमाको हेरचाह तथा प्रोत्साहनका निम्ती पहिलो तथा दोस्रो सन्तान सम्म संस्थाले रु. ३००।- सम्मको बाल बचत खाता खोली राखिदिनेछ ।

**१३. संस्थामा हाल विद्यमान रहेका तथा नयाँ थप नीति तथा कार्यविधिहरू**:

क) बचत तथा ऋण नीति कार्यविधि - संशोधन

ख) कर्मचारी प्रशासन कार्यविधि - संशोधन

ग) आर्थिक प्रशासन कार्यविधि

घ) निर्वाचन कार्यविधि

ङ) विपत् जोखिम न्यूनिकरण कार्यविधि (थप गरिएको)

च) सम्पति शुद्धिकरण कार्यविधि

छ) शुसासन कार्यविधि

ज) टेलिफोन कार्यविधि

**१४. आगामी वर्षका लागि प्रस्तावित कार्यक्रमहरू :**

१. डिजिटल नोटिस बोर्ड राखिनेछ ।

२. संस्थाले निर्माण गरेको दुई बर्षिय रणनीतिक योजनालाई अद्यावधिक गरिनेछ ।

३. ३/३ महिनामा लेखा समितिबाट आन्तरिक परीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

४. यसै आ.व.बाट शेयर सदस्यलाई सहकारी शिक्षा सम्बन्धी अभिमुखीकरण गर्ने व्यवस्था मिलाइएको छ ।

५. उप समितिलाई सक्रिय बनाई संस्थाको हितमा उपयोग गरिने छ ।

६. संस्थामा कार्यरत कर्मचारीहरुलाई क्रमशः स्थायी गर्ने नीति लिइने छ ।

७. कर्मचारी संचित बिदाको खर्चको रकम प्रत्येक आ.व.को अन्त्यमा कोषमानै दाखिला गरिनेछ ।

८. सामुहिक जमानत ऋणलाई व्यवस्थित गरी किस्ताबन्दीमा भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ ।

९. शेयर सदस्यता खुल्ला गर्ने नीति अनुरुप यसै वर्षको अन्त्य सम्ममा २२५ जना सदस्य थप गरिने छ । त्यस्तै समूह बचत १०, बाल बचतकर्ता ५०, दैनिक बचतकर्ता १०० र जेष्ठ नागरिक बचतकर्ता १० जना थप गर्ने नीति लिइने छ ।

११. शेयर लाभांश रकम फिर्ता खाता मार्फत हुनेछ जसमा रु. १०० मौज्दातमा खाता संचालन गर्ने व्यवस्था मिलाइएको छ ।

१२. बचतको अनुपात मिल्ने गरी ऋण लगानी गरिने छ । ऋण लगानीको ५ प्रतिशत शेयर तथा ५ प्रतिशत सदस्य सुरक्षण कोष खातामा राखिनेछ ।

१३. प्रत्येक वर्षको अन्त्यमा शेयर र बचतको अनुपात मिलाउने व्यवस्था मिलाइएको छ ।

१४. सहकारी अवलोकन भ्रमण (शेयर सदस्यहरु, सञ्चालक सदस्य, जेष्ठ सदस्य, कर्मचारी)

१५. जेष्ठ शेयर सदस्यलाई तिर्थाटन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

१६. तिज तथा जितिया पर्वमामा स्थानिय कार्यक्रम गरिनेछ ।

१७. सहकारी हाजिरी जवाफ कार्यक्रम आयोजना गरिनेछ ।

१८. वैठक, खाजा तथा इन्धन खर्चलाई निरन्तरता दिइने छ ।

१९. संस्थाले प्रदान गर्दै आएको सम्मान तथा पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. सरकारी नियम अनुसार कार्यालय संञ्चालन गरिनेछ ।

२१. ऋण समितिले धितो निरीक्षण गरे वापतको इन्धन खर्चलाई व्यवस्थित गरिने छ ।

२२. चेकबुक तथा पासबुक लिंदा लिदै आएको रकम खारेज गरिएको छ र यदी हराएको खण्डमा पुनः लिन परेको खण्डमा रु. २५०।- जरिवाना लाग्नेछ ।

*आदरणीय शेयर सदस्यज्यूहरु,*

**मलाई विश्वास गरी शेयर सदस्यज्यूहरुले संस्थाको सचिवको जिम्मेवारी दिनु भएकोमा सदस्यज्यूहरुको सल्लाह, सुझाव र मार्गनिर्देशनलाई पालना गर्दै संस्थाको विनियमलाई शिरोपर गरी मेरो बुद्धि विवेक, क्षमता र समयले भ्याएसम्म पूर्ण निष्ठाका साथ पूरा गरेको छु । यो १ वर्षमा म सहितको सञ्चालक समितिलाई पूर्ण सहयोग गर्नुहुने सम्पुर्ण शेयर सदस्यज्यूहरुलाई हृदय देखी नै आभार प्रकट गर्न चाहन्छु ।**

**अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, अतिथिज्यूहरु, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरु एवं सदस्यज्युहरु, लेखा सुपरीवेक्षण समितिका सदस्यज्युहरु, संस्थापक अध्यक्ष एवं सल्लाहकार समितिका संयोजकज्यू, सल्लाहकार समितिका सदस्यज्यूहरु, साधारणसभा तयारी मुल समितिका संयोजक तथा सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजकज्यूहरु एवं सदस्यज्यूहरु, संस्थामा कार्यरत कर्मचारीहरु, पत्रकार बन्धुहरु र उपस्थित सम्पुर्ण शेयर सदस्यज्यूहरु, संस्थाको प्रगती प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनु हुने प्रकाशन समिति सदस्यज्यूहरु लगायत सम्पुर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आ.व. २०७९/८० लाई सफलता पुर्वक सम्पन्न गर्नको लागी सहयोग गर्नुहुने यस १८ औं साधारणसभा तयारी मुल समितिका संयोजक तथा सदस्यज्युहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दै प्रस्तुत प्रतिवेदन तथा वार्षिक कार्ययोजनाहरु उपर यस गरिमामय सभाको बन्द सत्रमा गहन छलफल गरी सुझाव सहित पारित गर्नको लागि अनुरोध गर्दै बिदा हुन चाहन्छु ।**

**धन्यवाद । जय सहकारी ।**



.............................

**अर्चना दुवाडी रिमाल**
**सचिव**

# सह-सचिवको प्रतिवेदन

(आ.व. २०७९/०८०)



- जमूना सापकोटा आचार्य
सह-सचिव

## झुवानी सामुदायिक महिला सहकारी संस्था लि. को १८ औं वार्षिक साधारण सभामा सञ्चालक समितिका सह-सचिव श्री जमुना सापकोटा आचार्यबाट प्रस्तुत आ.व. २०७९/०८० को आय.व्याय तथा आ.व. २०८०/०८१ को अनुमानित बजेट

यस गरीमामय सभाध्यक्ष, झुवानी सामुदायिक महिला बचत तथा ऋण साकोस को १८ औ बार्षिक साधरण सभाका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु,संचालक समिति,लेखा समिति तथा बिभिन्न उपसमिति का पदाधिकारी ज्यूहरु, कर्मचारी मित्र तथा झु.सा. पु. का अध्यक्ष एंब सम्पूर्ण समितिका पदाधिकारीज्यूहरु म सह-सचिवको तर्फबाट हार्दिक स्वागत एंब अभिबादन टक्राउन चाहान्छु ।

सहकारीको मर्म र भावनालाई आत्मसाथ गर्दै बिगतका अनुभबहरुलाई समेटी यो संस्थालाई गतिशील एंब चुस्त दुरुस्त बनाउन समस्त शेयर सदस्यहरुका आवश्यकता र चाहानाहरुलाई पुरा गर्न, छिटो छरीता तथा सर्बसुलभ तरीकाले बित्तिय सेवाहरु प्रदान गर्दै आईरहेको तथ्य यँहाहरुबिच घाम जस्तै छर्लगं छ ।

सहकारी संस्थाले सदस्हरुको जिबनस्तर उठाउनको लागि नीति,नियम सिद्धन्त र मान्यतालाई उच्च राखी संस्थाको बिभिन्न पक्षहरुलाई सबल बनाउन सधै संचालक समिति प्रत्तिबद्ध रहेको कुरा अबगत गराउदै हालसम्म त्याई पुराउन अमुल्य सुझाब,सल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

## दुई बर्षिय व्यावसायिक रणनीतिक योजनाको वित्तीय विवरण

| क्र.स. | विवरण | आ.व २०८०/८१ | आ.व २०८१/०८२ |
|---|---|---|---|
| क | पुजी तथा दायित्व | | |
| १ | शेयर पुँजी | १,०९,८३,७००।०० | १,५०,००,०००।०० |
| २ | जगेडा कोष | ३०,३३,८८१।०० | ३५,००,०००।०० |
| ३ | अन्य कोष | ८,७८,७०७।०० | १०,१८,६९८।०० |
| ४ | बाह्य ऋण | ४,००,००,०००।०० | ६,००,००,०००।०० |
| ५ | जोखिम कोष | २८,४५,६५०।०० | ३५,६२,५४०।०० |
| ६ | बचत हिसाब | ११,५२,००,०००।०० | १३,०२,००,०००।०० |
| ७ | अन्य दायित्व | १,२५,०००।०० | १,५०,२८१।०० |
| कुल जम्मा | | १७,३०,६६,९३८।०० | २१,३४,३१,५१९।०० |

| क्र.स. | विवरण | आ.व २०८०/८१ | आ.व २०८१/०८२ |
|---|---|---|---|
| ख | **सम्पत्ति तथा जेथा** | | |
| १ | **स्थायी सम्पति** | | |
| अ | जग्गा तथा अन्य सम्पत्ति | १४,७०,२५४।०० | १६,७०,२५४।०० |
| आ | ह्रास रकम | १,४१,६९०।०० | १,९१,६९०।०० |
| | जम्मा | १६,११,९४४।०० | १८,६१,९४४।०० |
| २ | **चालु सम्पति** | | |
| अ | नगद तथा बैङ्क मौज्दात | १,८६,१२,५९४।०० | १,९४,६०,१६५।०० |
| आ | लगानी हिसाब | १६,३७,५०५।०० | २२,३७,८००।०० |
| इ | असुल गर्न बाँकी ऋण | १५,११,०४,८९५।०० | १८,६८,३२,३५२।०० |
| ई | पाउनु पर्ने हिसाब | १,००,०००।०० | ३०,३९,२५८।०० |
| | जम्मा | १७,१४,५४,९९४।०० | २१,१५,६९,५७५।०० |
| | कुल जम्मा | १७,३०,६६,९३८।०० | २१,३४,३१,५१९।०० |

## नाफा नोक्सान

| क्र.स. | विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ |
|---|---|---|---|
| १ | कार्य सञ्चालन आम्दानी | २,७५,६०,०००।०० | ३,७०,९०,९००।०० |
| | कुल आम्दानी | २,७५,६०,०००।०० | ३,७०,९०,९००।०० |
| १ | प्रशासनिक खर्च | ४१,१५,७००।०० | ५१,७७,९४०।०० |
| २ | कार्यक्रम खर्च | ३५,३३,०००।०० | ४३,४८,०००।०० |
| | जम्मा खर्च | ७६,४८,७००।०० | ९५,२५,९४०।०० |
| ३ | ह्रास खर्च | २,००,०००।०० | २,३५,०००।०० |
| | ब्याज खर्च अगाडिको बचत | ७८,४८,७००।०० | ९७,६०,९४०।०० |
| ५ | ब्याज खर्च | १,६४,००,०००।०० | २,०८,००,०००।०० |
| | कुल बचत जम्मा | ३३,११,३००।०० | ६५,२९,९६०।०० |
| ट | कर खर्च (२०) | १,०९,१२८।०० | १,६७,९१०।०० |
| | खुद बचत जम्मा | २०,७३,४४१।०० | ३१,९०,२९३।०० |

## प्रशासनिक खर्च

| क्र.स. | विवरण | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
|---|---|---|---|
| १ | कर्मचारी सम्बन्धि खर्च | २३,००,०००।०० | २५,००,०००।०० |
| २ | तालिम | ८०,०००।०० | १,००,०००।०० |
| ३ | घरभाडा तथा बिजुली खानेपानी | २,००,०००।०० | ३,००,०००।०० |

| | | | |
|---|---|---|---|
| ४ | मसलन्द | ५५,०००।०० | ६५,०००।०० |
| ५ | छपाई | १,५०,०००।०० | २,२५,०००।०० |
| ६ | टेलिफोन | ३८,४००।०० | ४०,०००।०० |
| ७ | नविकरण | ६०,०००।०० | ७५,०००।०० |
| ८ | पत्रपत्रिका | ८,३००।०० | १०,०००।०० |
| ९ | अतिथि सत्कार | ३५,०००।०० | ५०,०००।०० |
| १० | शाखा विस्तार | ६०,०००।०० | ८०,०००।०० |
| ११ | व्याज छुट | २,४०,०००।०० | ७,२७,४४०।०० |
| १२ | समति खर्च | २,७६,०००।०० | ३,००,०००।०० |
| १३ | शुभकामना | ३०,०००।०० | ४०,०००।०० |
| १४ | समवेदना | २५,०००।०० | ३०,०००।०० |
| १५ | चिया तथा खाजा | १,७६,०००।०० | २,०५,०००।०० |
| १६ | मर्मत | १५,०००।०० | २०,०००।०० |
| १७ | अनुगमन | २५,०००।०० | ३०,०००।०० |
| १८ | ईन्धन | १५,०००।०० | २०,०००।०० |
| १९ | लेखा परिक्षण | ७५,०००।०० | ७५,०००।०० |
| २० | ईन्टरनेट | ३६,०००।०० | ४२,०००।०० |
| २१ | खानेपानी | ६,०००।०० | ६,५००।०० |
| २२ | क्यालेण्डर | ५०,०००।०० | ६०,०००।०० |
| २३ | सरसफाई | १०,०००।०० | १३,०००।०० |
| २४ | कर्मचारी पोषाक | ८०,०००।०० | ९०,०००।०० |
| २५ | विविध | ४०,०००।०० | ३५,०००।०० |
| २६ | एकीकरण परामर्श | ३०,०००।०० | ३९,०००।०० |
| जम्मा | | ४१,१५,७००।०० | ५१,७७,९४०।०० |

## कार्यक्रम खर्च

| क्र.स. | विवरण | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
|---|---|---|---|
| १ | सहकारी शिक्षा | ५०,०००।०० | ६०,०००।०० |
| २ | कर्ब्स खर्च | ३५,०००।०० | ४०,०००।०० |
| ३ | छात्रवृत्ति तथा स्टेस्नरी | ४०,०००।०० | ५०,०००।०० |
| ४ | स्वास्थ्य उपचार शिबिर | ५०,०००।०० | ९०,०००।०० |
| ५ | साधारण सभा | ९,००,०००।०० | ९,५०,०००।०० |

| | | | |
|---|---|---|---|
| ६ | वार्षिकोत्सब | २५,०००।०० | ३५,०००।०० |
| ७ | जोखिम कोष खर्च | २०,२३,०००।०० | २६,२३,०००।०० |
| ८ | बाल तथा महिला भेला | ५०,०००।०० | ६०,०००।०० |
| ९ | भ्रमण कार्यक्रम | १,५०,०००।०० | १,७५,०००।०० |
| १० | महिला व्यावसायिक सिप विकास | ५०,०००।०० | ७५,०००।०० |
| ११ | सदस्य बिस्तार कार्यक्रम | ५०,०००।०० | ६०,०००।०० |
| १२ | रणनिति योजना तर्जुमा/समिक्षा | ६०,०००।०० | ७०,०००।०० |
| १३ | तीज कार्यक्रम तथा जितिया | ५०,०००।०० | ६०,०००।०० |
| जम्मा | | ३५,३३,०००।०० | ४३,४८,०००।०० |
| १४ | ह्रास खर्च | २,००,०००।०० | २,३५,०००।०० |
| जम्मा | | ३७,३३,०००।०० | ४५,८३,०००।०० |

## व्याज खर्च विवरण

| क्र.स. | विवरण | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
|---|---|---|---|
| १ | ब्याज खर्च | १,६४,००,०००।०० | २,०८,००,०००।०० |
| जम्मा | | १,६४,००,०००।०० | २,०८,००,०००।०० |

## कार्य सञ्चालन आम्दानी

| क्र.स. | विवरण | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
|---|---|---|---|
| १ | ऋण बाट प्राप्त व्याज | २,४५,००,०००।०० | ३,३५,००,०००।०० |
| २ | सदस्यताबाट प्राप्त | ५,०००।०० | १५,०००।०० |
| ३ | हर्जना | १८,००,०००।०० | २०,००,०००।०० |
| ४ | बैक व्याज | ४,३५,०००।०० | ५,८५,९००।०० |
| ५ | ऋण व्यवस्थापन शुल्क | ७,५०,०००।०० | ९,००,०००।०० |
| ६ | रेमिट्यान्स आम्दानी | २०,०००।०० | ४०,०००।०० |
| ७ | अन्य आम्दानी | ५०,०००।०० | ५०,०००।०० |
| कुल आम्दानी | | २,७५,६०,०००।०० | ३,७०,९०,९००।०० |

मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरूमा, कार्यसमितिका साथीहरू, कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस आर्थिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिले पारित गरिदिनुहुन समेत अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ।

....................

जमुना आचार्य

सह–सचिव

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

(आ.व. २०७९/०८०)

- जयन्ती खनाल रिजाल
लेखा संयोजक



यस गरिमामय वार्षिक साधारणसभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, मञ्चमा आसिन अन्य अतिथिज्यूहरू, पत्रकारबन्धुहरू यस संस्थाका संस्थापक लगायत पूर्व अध्यक्षज्यूहरू, सल्लाहकारज्यूहरू, संचालक समितिका पदाधिकारी एवं सदस्यहरू, विभिन्न उप-समितिका संयोजक एवं सदस्यज्यूहरू, लेखा समितिका सहकर्मी साथीहरू, संस्थामा कार्यरत कर्मचारी वर्गहरू, आजको यस गरिमामय वार्षिक साधारणसभालाई भव्यताका साथ सफल बनाउन उपस्थित सम्पूर्ण शेयर सदस्यहरूमा लेखा समिति संयोजकको हैसियतबाट हार्दिक स्वागत एवं अभिवादन टक्रयाउन चाहन्छु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

आज हामी यस झुवानी सामुदायिक महिला सहकारी संस्था लि. झुवानीको १८ औं वार्षिक साधारणसभालाई सभ्य र भव्यका रूपमा सम्पन्न गर्नका लागि यहाँ उपस्थित छौं । यस गरिमामय सभामा लेखा समिति संयोजकको हैसियतले यस संस्थाको आ.व. २०७९/०८० को आन्तरिक लेखा सुपरिवेक्षण प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस भएको छ ।

नेपालको सन्दर्भमा सहकारीको इतिहासलाई नियालेर हेर्दा "गाउँ गाउँमा सहकारी घरघरमा भकारी" भन्ने मूल नाराका साथ वि.सं २०१० सालमा सहकारीको अवधारणाले नेपालमा प्रवेश गरेता पनि वि.सं. २०१३ सालमा यसको संस्थागत विकास तथा स्थापना भएको पाइन्छ । आज हामी सबै ले गर्व गर्नुपर्छ की चितवन जिल्ला सहकारी जननी भनेर चिन्ने गरिन्छ । विभिन्न ३ आधारभूत र ४ नैतिक मूल्य र मान्यतामा आधारित ७ सिद्धान्त बोकेर वि.सं. २०१३ सालमा बखान सहकारीको नामबाट चितवनको शारदानगर स्थापित बखान सहकारी नेपालको पहिलो सहकारी हो । समान हक अधिकार एवं समान उत्तरदायित्वको मूल मन्त्र र उद्देश्य रहेका कारण पनि आज जनसाधारणमा सहकारी प्रतिको आस्था र विश्वास बढेको पाइन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने आजका दिनसम्म आइपुग्दा विभिन्न नामबाट (बचत तथा ऋण, कृषि, दूग्ध उत्पादक, तरकारी तथा फलफूल, बहुउद्देश्यीय, जडीबुटी उत्पादन, मौरीपालन) आदि भन्डै १०-१२ किसिमका सहकारी संस्थाहरूको संस्थागत विकास भएको पाइन्छ । जसमध्ये रत्ननगर नगरपालिका वडा नं. ५ मा २०६२ साल माघ २ गते झुवानी सामुदायिक पुस्तकालयको महिला उप समितिहरु संम्मेलित भई स्थापित यस झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लि. पनि एक हो । जसमा आजको दिनसम्म आइपुग्दा २२७५ जना शेयर सदस्यहरू आवद्ध छौं। यस संस्थाको २०७७ साल मंसिर २६ गतेमा हामीलाई विश्वास गरेर सर्वसम्मत रूपमा लेखासमितिको जिम्मेवारी सुम्पिनु भएकोमा हृदयदेखिनै यहाँहरू सबैमा हार्दिक आभार व्यक्त गर्दछौं । हामीले हाम्रो बुद्धि-विवेक र क्षमताले भ्याएसम्म सहकारी संस्थाको विनियम, लेखा सिद्धान्त, लेखा समितिको अधिकार क्षेत्रको परिधिभित्र रही संस्थाले आ.ब. २०७९/०८० मा गरेका आर्थिक कारोवारहरू अध्ययन गरी निम्नानुसार राय सुझावहरू संचालक समिति समक्ष प्रस्तुत गरेका छौं ।

१. आ.व. २०७९।०८० को आषाढ मसान्तसम्म नियमित तथा आकस्मिक गरी २८ पटक समितिको र १२ पटक लेखा सुपरिवेक्षण समितिको बैठक सम्पन्न भएको पाइयो ।
२. बैठकका निर्णयहरू कार्यान्वयन भएको पाइयो केही निर्णयहरु अध्यावधिक गर्नुपर्ने पाइयो ।
३. सहकारी संस्थाद्वारा ऋण लगानी र असुली प्रकृयालाई सरल एवं व्यवहारिक र जोखिम न्यूनिकरणलाई ध्यान दिइएको तथा आगामी दिनमा ऋण असुली कार्यक्रमलाई अझ प्रभावकारी बनाउनु पर्ने देखियो ।

४. वर्तमान अवस्थासम्म आइपुग्दा गतवर्ष भन्दा १०० शेयर सदस्य थप भई २२७५ पुगेको पाइयो ।

५. हाल संस्थामा २ जना करार, १ जना स्वयम्सेवक र २ जना अस्थायी कर्मचारी गरी जम्मा ८ जना सेवारत रहेको पाइयो ।

६. सामाजिक एवं मानविय सेवाका भावनाबाट प्रेरित भई रक्तदान जस्तो महत्वपूर्ण कार्यक्रम आयोजना गरेको पाइयो ।

७. यस आ.व.मा ऋण जोखिम कोषमा रू. १,५९,३७८।७० छुट्याइएको पाइयो ।

८. आर्थिक कारोवार गर्दा सहकारी विनियम एवं आचार संहिता विपरित कुनै पनि कार्य नगरे नगराएको पाइयो ।

९. संस्थाद्वारा संचालित समान उत्तरदायित्व हुने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरूले देखाउनु हुने न्यानो माया निर्णायक हुनेछ भन्ने अपेक्षा राख्दछौँ ।

## पुँजी तथा दायित्व

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|---|
| १ | शेयर पुँजी | १ | ९८,०५,८५०।०० | ८९,१६,६००।०० |
| २ | जगेडा कोष | २ | २५,१०,९७०।६९ | २०,५३,३९७।६९ |
| ३ | वैधानिक तथा अन्य कोषहरु | ३ | १६,४८,४६४।६४ | १०,२६,६१९।८४ |
| ४ | बचत तथा निक्षेप दायित्व | ४ | ७,४८,१३,५३३।०१ | ६,०४,५१,५९९।९४ |
| ५ | बाह्य ऋण तथा सापटी | ५ | ३,४३,८४,१०९।१४ | ४,१६,७८,५९७।११ |
| ६ | पुँजीगत अनुदान | ६ | ०।०० | ०।०० |
| ७ | चालू दायित्व तथा व्यवस्था | ७ | ५५,७५०।०० | ९४,७९९।०० |
| ८ | कर दायित्व | ८ | ४,१०,२१५।०० | २,४६,६३१।६० |
| ९ | कर्जा नोक्सानी व्यवस्था | ९ | १०,९५,५८१।३८ | ९,३६,२०२।६८ |
| १० | अन्य दिर्घकालिन दायित्व | १० | ०।०० | ०।०० |
| ११ | स्थगन कर दायित्व | ११ | ०।०० | ०।०० |
| | जम्मा | | १२,४७,२४,४७३।८६ | ११,५४,०४,४४७।८६ |

## सम्पती तथा जायजेथा

| क्र.सं. | बिवरण | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | १२ | ५,२२,५८६।०० | ६,६६,६०५।४२ |
| २ | बैंक मौज्दात | १३ | १,२७,९४,७७९।४६ | १,६२,५४,५४३।४१ |
| ३ | लगानी | १४ | २०,५७,१४८।५० | १८,०३,५७८।०९ |
| ४ | कर्जा तथा सापट लगानी | १५ | १०,५६,३६,१७०।०० | ९,३६,२०,२६८।०० |
| ५ | चालु सम्पत्ति | १६ | २०,५८,४२६।३३ | १६,०२,९८५।३७ |
| ६ | स्थिर सम्पत्ति | १७ | १६,५५,३६३।५७ | १४,५६,४६७।५७ |
| | जम्मा | | १२,४७,२४,४७३।८६ | ११,५४,०४,४४७।८६ |

....................
जयन्ती रिजाल
संयोजक लेखा सुपरिवेक्षण समिति

# D.SUBEDI & COMPANY

REGISTERED AUDITORS

(Registered under The Nepal Chartered Accountants Act, 1997)

Regd No. 2760 COP No. 0389 "B" PAN No. 300236565

**श्री झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

रत्ननगर ५ , चितवनका शेयर सदस्य समक्ष

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

हामीले **श्री झुवानी सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड , रत्ननगर ५ चितवनको** वित्तीय विवरण, जसले २०८० साल आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/२०८० को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसंग सम्वन्धित नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

## हाम्रो राय :

हामी यस प्रतिवेदनमा उल्लेखित आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौं ।

१) लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सूचना तथा स्पष्टीकरण उपलव्ध भएका छन ।

